नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- शा.सु.०७६/०७७/०६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३४१०

अत्यन्त जरुरी

मितिः २०७६/१२/१०

विषयः- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१२/०९ को निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री प्रहरी महानिरीक्षकज्यू,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौ ।
श्री सशस्त्र प्रहरी महानिरीक्षकज्यू,
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोक, काठमाण्डौं ।
श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत सम्बन्धमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणका सम्बन्धमा मिति २०७६/१२/०९ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट नेपालमा COVID-19 को संक्रमण फैलने सम्भावना देखिएकोले नेपाल सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सो को रोकथाम र निर्मूल गर्न मिति २०७६ चैत्र ११ गते विहान ६ बजे देखि २०७६ चैत्र १८ गते विहान ६ बजे सम्म लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएकोले अत्यन्त संवेदशील भई उच्च प्राथमिकताका साथ आदेशको पूर्ण कार्यान्वयन गर्ने गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

१. औषधी उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काममा वाहेक कुनै पनि व्यक्ति घरवाट वाहिर ननिस्कने ।
२. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुहरुवाहक सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाउने ।
३. सुरक्षा निकायबाट प्रयोग हुने वायुयान र तोकिएका अन्य उडानहरु बाहेक अन्य सबै आन्तरिक व्यवसायिक उडानहरु बन्द गर्ने ।
४. स्वास्थ्य, सुरक्षा, खाद्यवस्तु, खानेपानी, दुध, विद्युत, दूरसञ्चार, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन जस्ता अति आवश्यक सेवा बाहेक अन्य कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीहरु मात्र उपस्थित हुने व्यवस्था गरी अन्य कर्मचारीहरुलाई आवश्यक परेको बखत तत्काल उपस्थित हुने गरी सम्बन्धित कार्यालय प्रमुखले विदा दिने ।

नेपाल सरकार
# गृह मन्त्रालय
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलःcontrol@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- शा.सु.०७६/०७७/०६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३४१०

नेपाल सरकार गृह मन्त्रालय

अत्यन्त जरुरी

५. औषधी तथा स्वास्थ्य उपकरण, खाद्यवस्तु, खानेपानी, दुध, इन्धन उत्पादन गर्ने उद्योगहरु वाहेक निजी क्षेत्रबाट सञ्चालित अन्य उद्योग, कलकारखानाहरुमा काम गर्ने श्रमिक, कर्मचारीहरुलाई सम्बन्धित उद्योगले विदा दिने व्यवस्था मिलाउने ।

६. व्यवसायीहरुले औषधी र औषधीजन्य सामग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने। अभाव देखाई मुल्य बृद्धि गर्ने वा कालाबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम नियन्त्रणमा लिने, सामग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गर्न ।

७. संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम जारी यस आदेशको कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन नेपाल राज्यका सबै प्रमुख जिल्ला अधिकरीलाई मुकरर गर्ने र सोका लागि स्थानीय प्रशासन ऐन, २०२८ को समेत आवश्यकता अनुसार प्रयोग गर्ने ।

८. संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेशको अपहेलना गर्ने वा काममा बाधा पुर्‍याउने व्यक्तिलाई सोही ऐन बमोजिम सजाय हुने ।

२०७६।१२।१०
(उमाकान्त अधिकारी)
उपसचिव

अवगतार्थ
माननीय गृहमन्त्रीज्यूको सचिवालय, गृह मन्त्रालय ।
श्रीमान् मुख्य सचिवज्यूको सचिवालय,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ।
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय ।

बोधार्थः
श्री विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा, गृह मन्त्रालय ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै प्रदेश ।